विज्ञापन प्रकाशन गर्नु परेमा
ग्राहक बन्नु परेमा
पत्रिका ढिलो आएमा
बुटवल टुडे
प्रधान कार्यालय: बुटवल-६, तिलोत्तमा पथ, रुपन्देही
फोन: ०७१-५५४६४०, ५५४६४२

बुटवल पब्लिकेशन प्रा. लि.
राष्ट्रिय 'क' वर्गमा वर्गीकृत
राष्ट्रिय दैनिक

# बुटवल टुडे

साझा विचार, ताजा समाचार

आनन्दलोक हास्पिटल एवं टेस्ट ट्यूब बेबी सेन्टर
डा. आनन्द अग्रवाल (एस. एस. युरोलॉजिष्ट) गोल्ड मेडलिस्ट
डा. अल्पना अग्रवाल स्त्री एवं प्रसुती रोग विशेषज्ञ
विश्व की नवीनतम तकनीक लेजर एवं लैप्रोस्कोपी द्वारा पत्थरी ट्यूमर एवं अन्य आपरेशन
डा.कनिका पोपली अग्रवाल (स्किन रोग विशेषज्ञ)
एम.बी.बी.एस., एम.डी., एफ. आई.ए.एल., ए.एस.आई (आस्ट्रेलिया)
डर्मेटोलॉजी, लेजर, कास्मेटोलॉजी,
ICU, Neuro & Trauma, टेस्ट ट्यूब बेबी
आई सी एस आई (ICSI), आई यू आई (IUI)
सोनौली रोड, गोरखनाथ, गोरखपुर (भारत)
सम्पर्क – ००९१-६३९०५८७९९७

वर्ष १३ | अंक ५ | मंगलबार ६ कार्तिक २०८१ | Tuesday 22 October 2024 | पृष्ठ: ४ | मूल्य: ६ रूपैयाँ | www.butwaltoday.com

### लुम्बिनीका किसानको

# गोठमा नि:शुल्क कृत्रिम गर्भाधान

**कृष्ण खनाल**
बुटवल, ५ कार्तिक।

पशु चौपायमा कृत्रिम गर्भाधान गराएर उत्पादन र उत्पादकत्व बृद्धिको लागि लुम्बिनी प्रदेश सरकारले अगाडि बढेको छ। प्रदेशको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्राल अन्तर्गतका प्रदेशको पशुपंक्षी तथा मत्स्य विकास निर्देशनाल अन्तर्गतका कार्यालयहरूले यो अभियान यो वर्षदेखि शुरु गर्न लागेका हुन। प्रदेशमा रहेका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, एकिकृत कृषि तथा पशुपंक्षी विकास कार्यालयहरू मार्फत यो कार्यक्रम किसानसम्म पुग्नेछ।

प्रदेशको पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालयको तथ्यांक अनुसार आर्थिक बर्ष २०८०/०८१ मा प्रदेशमा ५० लाख ६५ हजार १ सय १२ पशु चौपायको संख्या छ। जुन किसानले व्यवसायीक रूपमा पालन गरेको तथ्यांक हो। जसमा गाई, भैसी, भेडा, बाख्रा, बंगुर/सुँगुरको मात्रै तथ्यांक हो। प्रदेशको तथ्यांक अनुसार आर्थिक बर्ष २०८०/८१ मा ८४ हजार ५ सय ९७ गाई, भैसी, बाख्रा मा कृत्रिम गर्भाधान गराइएको थियो। जसमा सबैभन्दा बढि रूपन्देहीमा मात्रै ३१ ह्जार ७ सय ६ वटा चौपायमा कृत्रिम गर्भाधान गराइएको थियो। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र रूपन्देहीका प्रमुख बरिष्ठ मत्स्य विकास अधिकृत दिपक भुषालका अनुसार १८ हजार ५५ वटा गाई, १३ हजार ६४ भैसी, ५ सय ८७ बाख्रामा कृत्रिम गर्भाधान गराइएको यो। यो बर्ष २० हजार चौपायमा निःशुल्क कृत्रिम गर्भाधान गर्ने गरी काम सुरुवात गरिएको प्रमुख भुषालले जानकारीदिए।

यसको लागि ८० लाख बजेट समेत विनियोजन भएको उनको भनाई रहेको छ। किसानले सर्वप्रथम सूचिकृतको लागि आवेदन माग गर्ने छन् ।यसरी सूचिकृतभ एका किसानको लागि एक पटक प्रति चौपायको लागि सरकारले निःशुल्क सिमोन सहितको प्राविधिक उपलब्ध गराउने छ। यसरी सूचिकृत भएका किसानको लागि सूचिकृत भएका कृत्रिम गर्भाधान प्राविधिकहरूले घरमा नै गएर सेवा प्रवाह गर्ने छन्। यसको लागि जिल्लामा भएका तालिम प्राप्त कृत्रिम गर्भाधान प्राविधिकहरूको परिचालन गरिने प्रमुख भुषालले जानकारी दिए। यसरी खटिएका प्राविधिकहरूले चौपायमा कृत्रिम गर्भाधान गराएबापत प्रदेश सरकारले प्रति चौपाया ४ सय रूपैयाँ प्राविधिकलाई उपलब्ध गराउने छ। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र रूपन्देहीले निःशुल्क कृत्रिम गर्भाधान अभियानको लागि नाईट्रोजन, सिमे खरिद, भण्डारण, तथा ढुवानी, कृत्रिम गर्भाधान सम्बन्धी उपकरण खरिद तथा वितरणको लागि समेत व्यवस्था मिलाउने छ।



नवलपरासीमा पशुमा बाँझोपना निवारण शिविर फाईल तस्बीर ।







यस्तै भेक्सीनेटर/ईन्सिमिनेटर दुर्घटन विमा लगायतको लागि पनि बजेट विनियोजन गरिएको अस्पतालका प्रमुख दिपक भुषालको भनाइ रहेको छ। कार्यलयले कार्यक्रममा सहभागी हुन चाहने कृषकहरूलाई लक्षित गरी निर्देशनालयले तयार गरेको फर्मेट बमोजिम सम्बन्धित स्थानिय तहको पशु सेवा शाखामा सूचिकृत हुन सूचना प्रकाशन गर्ने छ।

सुचिकृत भएका कृषकहरूको विवरण पशु सेवा शाखाले सम्बन्धित कार्यालयमा उपलब्ध गराउनु पर्नेछ र यस कार्यक्रममा कृत्रिम गर्भाधान प्राविधिक सूचिकृत गरी परिचालन गर्ने, तथ्याङ्क ब्यवस्थापन तथा अभिलेख राख्ने कार्यक्रम हुने छ।

कार्यविधि अनुसार प्रत्येक कृत्रिम गर्भाधान कर्ताले आफूले प्रति गाई/भैंसीमा गरेको को प्रगति विवरण गरेवापत १ पटकको लागि पहाडी जिल्लामा ६०० र तराईमा रु. ४०० का दरले सेवा तोकिएको फाममा भरी सम्बन्धित पशु सेवा शाखा र शूल्क पाउनेछन।

अधिकतम पशुहरूमा कृत्रिम गर्भाधान सेवा प्रवाह हुने अपेक्षा यो अभियानबाट गरिएको छ। नश्ल सुधार गरी उत्पादन तथा उत्पादकत्व बृद्धि हुने अपेक्षा छ भने रोजगारी तथा आयआर्जन, राष्ट्रिय उत्पादनमा टेवा पुग्ने अपेक्षा लिइएको छ।

चालु आर्थिक बर्षमा प्रदेश सरकारले १२ जिल्लामा १ लाख पशु चौपायमा कृत्रिम गर्भाधान गराउने लक्ष्य लिएको छ। जसमा रूपन्देहीमा ३५ हजार बढिको लक्ष्य लिइएको छ भने नवलपरासीमा १७ हजार, कपिलवस्तुमा ७ हजार, पाल्पामा ६ हजार, अर्घाखाँचीमा ६ हजार, गुल्ममिा ३ हजार, रोल्पामा १५ सय, दाङमा ७ हजार, बाँकेमा १२ हजार, प्यूठानमा १ हजार, बर्दीयामा ४ हजार र रुकुममा ५ सय को लक्ष्य लिएको पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय बुटवलका प्रमुख डा. प्रवेश सिंह कुँवरले जानकारी दिए।

प्रदेश सरकारले यो बर्ष प्रदेशका ५ वटा जिल्ला मा कुल ३७ हजार भन्दा बढि पशु चौपायमा कृत्रिम गर्भाधान गराउने लक्ष्य लिएको छ। जसमा रूपन्देहीमा २० हजार, कपिलवस्तुमा ७ हजार, पाल्पामा ६ हजार, गुल्मीमा ३ हजार, प्यूठानमा १ हजार गरी कुल ३७ हजार बढि पशु चौपायमा कृत्रिम गर्भाधान गर्ने लक्ष्य निर्धारण गरिएको हो।



दिपक भुषाल

प्रमुख, भेटरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र रुपन्देही

'पशु चौपायमा कृत्रिम गर्भाधान गराएर उत्पादन र उत्पादकत्व बृद्धिको लागि लुम्बिनी प्रदेश सरकार अगाडी बढेको छ । यसमा हामी सबैको साथ र सहयोग जरुरी छ ।'

**बंगुरमा ७५ प्रशित अनुदान**

निःशुल्क कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन कार्याविधि २०८१ अनुसार प्रदेश सरकारले बंगुरमा कृत्रिम गर्भाधान गराउँदा ७५ प्रतिशत अनुदान वा अधिकतम ३ लाख २५ हजार रूपैयाँ दिन सकिने व्यवस्था गरेको छ। जसको लागि कम्तीमा पनि ४० वटा बंगुर उन्नत जालका माउ पालन गरेको फामृ, समूह, सहकारी हुनुपर्ने छ। यस्तै सिमन उत्पादनको लागि पालन गर्ने बीरहरू पशु प्रजनन्न कार्यलय, पोखरा, सरकारी स्रोत, केन्द्र वा निकायबाट खरिद गरेको र सिमेन उत्पादन पश्चात कृषक, फार्महरूलाई सुहलियत दरमा कृत्रिम गर्भाधान सेवा दिनुपर्ने सर्तमा उक्त अनुदान प्रदान गरिने कार्यविधिमा उल्लेख छ।

# चराको पेशा रोकियो, विकल्प के ?

**जागेश्वर थारू**
बाँके, ५ कार्तिक।

कोहलपुर नगरपालिका-१४, हवल्दारपुरस्थित चिडिमार बस्तीका मानिसहरूको पुर्खौली पेशा चरा मारेर गुजारा चलाउने हो। तर केही बर्ष पहिले सरकारले चराचुरुङ्गी र वन्यजन्तु माथि प्रतिबन्ध लगाएसँगै अहिले यो परम्परागत पेशा संकटमा परेको छ। चिडिमार जाति पुस्तौंदेखि चराहरूको शिकार गरेर जीविका चलाउँदै आएका छन्, तर वातावरणीय नियम, वन्यजन्तु संरक्षण नीति, र चरा मार्ने परम्परामा आएको परिवर्तनले गर्दा उनीहरूको जीवनयापन थप जटिल बन्दै गएको हो।



चिडिमार समुदायका लागि चरा मार्ने पेशा केवल जीविकाको साधन मात्र होइन, यो उनीहरूको सांस्कृतिक पहिचान पनि हो । हरेक परिवारले विगतमा शिकार गरेर आफ्नो जीवन निर्वाह गर्थ्यो, तर समयसँगै यो पेशा संकटमा पर्न थालेको छ। "हाम्रो पुर्खौली पेशा संकटमा परेको छ।

चरा मार्न नपाएपछि कसरी गुजारा चलाउने ?" हवल्दारपुरका ५० वर्षीय रामप्रसाद चिडिमारले भने -'राजा राणाका पालामा बाउबाजेलाई चरा मार्न शिकार खेल्न उ बेलादेखि चरा मार्दै आफ्नो घर परिवार पाल्दै आएका थिए। अहिले न पढाइ लेखाइ छ न त धन सम्पत्ति चरा मार्न नि पाइन्न त्यसैले घर परिवार चलाउन मुस्किल भएको छ' - रामप्रसादले भने।

चिडिमार समुदायको शिकारको साधनमा परिवर्तन र कानुनी प्रतिबन्धले चिडिमारहरूको मुख्य पेसा धराशायी भएको छ । पहिले जस्तो चरा मार्न सजिलो छैन, किनकि सरकारको वन्यजन्तु संरक्षण नीति कडा भएको छ। वन तथा वातावरण सम्बन्धी कानुनअनुसार चराहरूलाई मार्न कानुनी रूपमा प्रतिबन्ध लगाइएको छ। "हाम्रो बाँच्ने माध्यम शिकार थियो, तर अहिले शिकार गर्न निषेध छ। के गर्ने? रोजगारीको अरू विकल्प छैन," रामप्रसादले गुनासो गरे।

चिडिमारहरूको पुर्खौली पेसामा संकटको अर्को कारण भनेको जैविक विविधता र पर्यावरणीय असन्तुलन हो । धेरै क्षेत्रहरूमा चरा मार्न पाउन नसक्ने अवस्था आएको छ । वन्यजन्तुका संरक्षण प्रयासहरूले गर्दा चरा प्रजातिहरूलाई सुरक्षित गर्न त सरकारले महत्वपूर्ण कदम उठाएको छ, तर यसले चिडिमार समुदायलाई आर्थिक रूपमा ठूलो असर पुर्याएको छ। "पहिलेजस्तो चरा भेटिँदैन, जंगल र खोलाहरूमा शिकार गर्न पनि डर लाग्छ।" स्थानीय पुनम चिडिमारले भनिन्।

चरा मार्न नपाउँदा चिडिमार समुदायले आफ्नो परम्परागत सीप गुमाउँदै गएको छ। यो समुदायलाई अन्य रोजगारीका अवसरहरू भने उपलब्ध छैनन्। अशिक्षा र गरिबीका कारण वैकल्पिक पेसा अपनाउन उनीहरू असमर्थ छन् । "हामीले न त राम्रो शिक्षा पायौं, न त कुनै नयाँ सीप सिक्न सक्यौं,"पुनमले भनिन "अब के गर्ने भन्ने थाहा छैन।"

(बाँकी पृष्ठ २ मा)

# सहकारीले संकलन गरेको छुर्पी अमेरिका निर्यात

बागलुङ, ५ कार्तिक- पछिल्लो समय यहाँ उत्पादित छुर्पीले राम्रो बजार पाएको छ । सहकारीमार्फत संकलित दूधबाट उत्पादित छुर्पीको माग उच्च छ। यहाँ उत्पादित छुर्पी काठमाडौं हुँदै अमेरिका निर्यात हुने गरेको छ।

बागलुङ दुग्ध उत्पादक सहकारी संघमार्फत दूध संकलन, प्रशोधन र बजारीकरण हुने गरेको छ । वार्षिक आठ करोडको दूध तथा दुग्धजन्य पदार्थको कारोबार गर्ने सहकारी संघले आर्थिक वर्ष २०८०/८१ मा मात्रै ३८ लाख ५४ हजार चार सय १० को छुर्पी अमेरिका निर्यात गरेको हो। दुग्ध सहकारी संघ बागलुङका अध्यक्ष दिपक गौतमका अनुसार सहकारीबाट उत्पादित दूध, दही, घ्यू, पनिर, छुर्पी र खुवामध्ये छुर्पीको माग अन्तर्राष्ट्रिय बजारमा उच्च छ। "दूध, तथा अन्य उत्पादनहरू बागलुङमै खपत भइरहेको हुन्छ, तर छुर्पीको बजार अन्तर्राष्ट्रियस्तरमा छ", गौतमले भने।




Photo : RSS

दुग्ध उत्पादक सहकारी संघमा एक हजार पाँच सय किसान आबद्ध छन्। संघले किसानबाट संकलित दूधसहित अन्य सात प्रकारका दुग्धजन्य परिकार उत्पादन गरी बिक्री तथा वितरण गर्दै आएको छ।

संघले बागलुङ जिल्ला दूधमा आत्मनिर्भर बनाएको छ। सहकारीले गत आवमा सात करोड ८३ लाखको दूध, एक करोडको दही, २० लाखको घ्यू, ३२ लाखको पनिर र ८० हजारको खुवा बिक्री गरेको जनाएको छ।

हाल सहकारी संघले छुर्पी प्रतिकिलो एक हजार दुई सयमा बिक्री गर्दै आएको छ। सहकारीमा आबद्ध किसानले सहकारीमा आवद्ध भएपछि दूधको मूल्यमा समानता र बजारको सुनिश्चिता भएकाले हौसला मिलेको बताएका छन्। सहकारी संघमा १६ कर्मचारीले संकलित दूध बागलुङ बजारका घरघरमै लगेर बिक्री गर्ने गरेको सहकारीका लेखापाल गणेश खड्काले बताए।

(बाँकी पृष्ठ २ मा)



## सम्पादकीय

# रूपन्देहीमा किन हुँदैन तस्करी नियन्त्रण ?

नेपालीहरूको सवैभन्दा ठूलो पर्व बडादशैं बिदा भैसकेको छ। बडादशैंको विदाईसंगै नेपालीहरूको अर्को दोश्रो ठूलो पर्व दिपावली अर्थात तिहार घर आँगनमै आईपुगेको छ। चाडपर्वकै बेलामा हरेक बर्ष नेपाल भारत सिमावर्ती क्षेत्रबाट तस्करी रफ्तारमा बढ्ने गरेको छ। त्यसो त बर्षैभरी तस्करीका घटना सुन्नमा आईरहन्छ तर दशैं र तिहारको समयमा धेरै तस्करीका कुरा बाहिर आउने गरेको छ। सोमबारमात्रै भारतबाट अवैधरूपमा तस्करी गरेर नेपाल भित्राईएको ठूलो परिमाणको चिनी रूपन्देहीको भैरहवाको गोदामबाट बरामद भएको छ। अवैध रूपमा दुईवटा घरको गोदाम बहालमा लिएर भण्डारण गरिएको चारसय ७१ बोरा चिनी बरामद हुनु तस्करी मौलाउनुको एक उदाहरण हो। त्यसअघि बडादशैंको पूर्व सन्ध्यामा रूपन्देहीमा ६२ लाख बराबरको कपडा बरामद भएको छ। यति ठूलो मात्राको तस्करीको सामान नियन्त्रणमा यही असोज २० गते राती रूपन्देहीको बुटवल महानगरपालिका १५ बाट अवैधरूपमा भन्सार छली गरी ल्याइएको लत्ता-कपडा विशेष सुराकीको आधारमा पक्राउ गरिएको हो। इलाका प्रहरी कार्यालय बुटवल, इलाका प्रहरी कार्यालय रन्यौरा र प्रहरी चौकी बेलभरियाबाट खटिएको प्रहरी टोलीले विशेष सुराकीको आधारमा ट्रकसहित उक्त अवैध कपडा बरामद गरेको हो। यो त एक उदाहरणमात्र हो। तस्करीमा सेटिङ नमिलेको कारण यो सामान समातियो। यो भन्दा धेरै तस्करी दैनिकरूपमा हुने गर्दछ। तस्करीमा ठूलो सेटिङ हुँदै आएको कुरा छर्लङ्ग छ। गोरु तस्करी समेत अहिले बढेको छ। यो समस्या लामो समयदेखि देखिदै आएको छ। धेरै घटनाक्रमले रूपन्देहीमा पछिल्लोसमय तस्करी बढेको देखाएको छ। केही महिना अघिमात्र चामलको बिलमा चिनी तस्करी भएको घटना बाहिर आएको थियो। तस्करीको जालो कुन रूपमा बढिरहेको छ भन्ने कुराको यो उदाहरण हो। भन्सारको मिलेमतोमा यस प्रकारका तस्करीका कुरा धेरै दवाएरै राखिन्छन। तर जुन बाहिर आउँछन त्यसमा धेरै चाहिँ 'बार्गेनिङ' नमिल्दाको परिणाम हो भन्न सकिन्छ। मूख्य राजमार्ग भन्दा पनि हुलाकी मार्गबाट हुने यस प्रकारका तस्करी नियन्त्रणमा भने प्रहरी प्रशासन असफल जस्तै देखिन्छ। प्रहरी प्रशासनकै मिलेमतोमा अधिकांश तस्करीका घटना बाहिर आउँछन। सरकारले तस्करी नियन्त्रण गरी राजस्व बढाउने कुरा गरेपनि सरकारका निकायहरू नै तस्करीमा लिप्तछन्। अर्कोतर्फ तस्करीबाट आएको नजराना माथिसम्म पुऱ्याउनुपर्ने बाध्यताका कारण जिल्लामा आएका हाकिमहरू नचाहेर पनि तस्करीलाई मलजल गर्न बाध्य हुनुपरेको अवस्था छ। तस्करी नियन्त्रण नहुँदा राजस्व संकलनमा ठूलो असर परेको छ। तस्करीका यस प्रकारका घटना घट्दो होइन, झनै बढिरहेको छ। जसका कारण नेपालको अर्थतन्त्र नजानिँदो तरिकाले प्रभावित बनिरहेको छ। विना भन्सार हुने यस प्रकारका तस्करीले सरकारको बार्षिक करोडौं राजस्व गुमीरहेको छ। सवैतिर प्रहरी प्रशासनको निगरानी हुँदापनि तस्करी किन नियन्त्रण हुन सकिरहेको छैन ? प्रश्न उत्पन्न भएको छ। यो विषयमा यसअघि गरिएका धेरै अनुसन्धान तथा खोजले यसमा भन्सार, प्रहरी र प्रशासनकै मिलेमतो देखाउने गरेको छ। त्यसैले यस्ता गतिविधिमा संलग्नको जालो चिर्नका लागि पनि सरकारले कडाभन्दा कडा कारबाही गर्नु जरुरी छ। प्रहरी प्रशासनले चाडपर्वको बेलामा गर्ने तस्करी नियन्त्रणको काम औपचारिकमात्रै हो। ५० लाखको तस्करीको सामान पक्राउ हुँदा ५० करोडको माल तस्करी भैसकेको कुरालाई नजरअन्दाज गर्न सकिदैन्। भन्सारमा घरायसी प्रयोगका लागि दुई चारसयको सामान लिएर आउने उपभोक्तालाई सास्ती दिएर रातीमा चोरबाटोबाट लाखौंको सामान पास गराउने काम भैरहेको छ। दिउँसोमा हुने भन्सार जाँच केवल देखावटी मात्र हो भन्दा अत्युक्ति हुँदैन। तस्करी सिमावर्ती क्षेत्रको परम्परा बनिसकेको छ। अवको दिनमा तस्करी नियन्त्रण गरि सरकारको राजस्व बढाउने काममा जिल्लास्थित प्रशासन र सुरक्षा निकायको गंभीर ध्यानाकर्षण हुनु जरुरी छ।

# प्राकृतिक विपदको चपेटामा नेपालको पर्यटन



युवराज कंडेल

दशैंको चहलपहल शुरु भएपछि नेपालमा आन्तरिक पर्यटनको मुख्य सिजन शुरु हुन्छ। यहि समयमा नेपालमा विदेशी पर्यटकहरू आउने दोश्रो सिजन शुरु हुन्छ। भूकम्प र कोरोनाले थलिएको नेपालको पर्यटन क्षेत्र पछिल्लो दुई वर्षयता विस्तारै उठ्न थालेको छ। नेपालको पर्यटनमा सम्भावना देखेर नीजि क्षेत्रले शहरी क्षेत्रमा मात्र हैन दुरदराजका क्षेत्रमा समेत पर्यटकीय पूर्वाधारमा ठूलो लगानी गरिरहेका छन्। यो वर्षको पर्यटनको मुख्य समय शुरु भएकै बेलामा असोजको ११ र १२ गतेको निरन्तरको झरी र त्यसले ल्याएको बाढी पहिरोले पर्यटन क्षेत्रलाई ठूलो क्षति पुऱ्यायो। धेरै लगानी गरि निर्माण गरिएका होटेल, रिसोर्टहरू बाढी पहिरोमा परेर ध्वस्त भएका छन्। पर्यटक आवागमन गर्ने मुख्य राजमार्ग, आन्तरिक सडक र पदमार्ग र त्यसलाई जोड्ने पुल पुलेसाहरू भत्किएका छन्। काठमाण्डौ हुदै पूर्वी पहाड जोड्ने, पोखरा र सौराहा जोड्ने अनि नेपालको प्रमुख पर्यटकीय गन्तब्य सौराहालाई लुम्बिनी र काठमाडौं जोड्ने मुख्य र सहायक राजमार्गमा अवरोध उत्पन्न भएको छ। यसले नेपालको पर्यटन क्षेत्रलाई दिर्घकालीन असर पार्ने निश्चित छ।

पर्यटन विभागले सार्वजनिक गरेको तथ्यांक अनुसार गत वर्षको सेप्टेम्बर महिनामा भन्दा यो वर्ष नेपाल आउने भारतीय पर्यटकको संख्यामा २२ प्रतिशतले कमी आएको छ। यसको मुख्य कारण यो महिनामा देशमा आएको प्राकृतिक विपत्ति हो। विगतका वर्षहरूमा पाथिभरामा थेग्न नसक्ने संख्यामा भक्तजन जाने गरेको भएपनि यसवर्षको घटस्थापनाको दिनमा ३० जना मात्र भक्तजन पाथिभरा पुगेका छन्। हिमाली क्षेत्रमा पदयात्राको लागि पुगेका पर्यटकहरू बेमौसमी हिमपात र हिम स्खलनको कारण असुरक्षित भएपछि उद्धार गरिएको छ। प्रतिकूल मौसमले गर्दा धौलागिरी हिमाल आरोहण गर्न गएका ५ जना पर्वतारोहीले ज्यान गुमाएका छन्। विपत्तिको कम असर परेका पर्यटकीय स्थानमा पनि पर्यटकहरूले बुकिङ रद्द गरेकोले पर्यटक चहलपहल नभएका खबरहरू आईरहेका छन्। यी सबै परिदृश्यहरू हेर्दा नेपालको पर्यटन क्षेत्रले यो वर्ष कोरोना र भूकम्प जत्तिकै नोक्सानी बेहोर्नुपर्ने देखिएको छ। नेपालमा काठमाडौं, पोखरा र लुम्बिनीलाई छोड्ने हो भने बाँकी नेपालको पर्यटन मुख्यगरी जल, भूगोल र जंगल आश्रित छ। यहि कारणले गर्दा प्रकृतिमा आउने सामान्य उतारचढावको असर पर्यटन क्षेत्रमा पर्ने गरेको छ। सरसर्ती हेर्दा प्राकृतिक प्रकोपले पर्यटन क्षेत्रमा ३ किसिमले असर पारिरहेको देखिन्छ।

### क. पहुँचमा असर:

सामान्य भन्दा केहि बढी पानी पर्नासाथ बाढी पहिरोका घटना बढ्नु र त्यसबाट राजमार्ग अवरुद्ध हुनु, पुल पुलेसा भत्कनु, सडक भत्किनु नेपालको लागि सामान्य कुरा भैसकेको छ। मुख्य राजमार्ग बाहेक अधिकांश पर्यटकीय स्थलमा जानको लागि कच्ची बाटो र गोरेटो प्रयोग गर्नुपर्ने बाध्यता छ। यस्ता पर्यटकीय मार्गहरू सामान्य बाढी, पहिरो र भूकम्पले क्षतिग्रस्त हुने गरेका छन्। हिमाली क्षेत्रमा बारम्बार आउने हिम पहिरो, बेमौसमी हिमपातले गर्दा हिमाली पदमार्गहरू बिग्रँदा पर्यटकहरूले दुःख पाउने गरेका छन्। बाढी, पहिरो र बेमौसमी हिमपातले गर्दा यात्रा शुरु गर्न नसक्ने, यात्रारत अवस्थामा दुःख पाएर गन्तव्यमा पुग्न नसक्ने र गन्तव्यमा पुगेका पर्यटकहरू समेत घुमफिर गर्न नसक्ने, फर्कन नसक्ने समस्याहरू नेपालमा भ्रमण गर्ने पर्यटकहरूले बारम्बार भोग्नु परिरहेको छ। स्थलमार्ग मात्र नभएर नेपालको हवाई क्षेत्र पनि अति वर्षा, शितलहर, हिमपातले गर्दा प्रभावित हुने गरेको छ। यसले नेपालको भ्रमण गर्ने पर्यटकहरूले दुःख पाउने र पर्यटन क्षेत्रका बारेमा नै नकारात्मक संदेश बोकेर फर्कने काम भैरहेको छ। यस्ता प्रकोपहरू बढिरहँदा र सडक पूर्वाधारमा क्षति भैरहदा नेपालको पर्यटन विकासमा अवरोध आईरहनेछ।

### ख. पर्यटकीय पूर्वाधारमा क्षति:

नेपालमा नीजि क्षेत्रले पर्यटन उद्योगमा ठूलो लगानी गरेका छन्। पर्यटकहरूले नेपालको प्राकृतिक वातावरण मन पराउने भएकोले शहर भन्दा बाहिर नदी ताल तलैयाको नजिक, खोंच, भिरालो जमिन, पहाडको टुप्पो जस्ता ठाउँमा होटेल, रिसोर्ट बनाएका छन्। यस्ता ठाउँका होटेल, रिसोर्टहरूमा पर्यटकको आकर्षण पनि देखिएको छ। पर्यटकलाई सेवा पुऱ्याउने र मुनाफा हासिल गर्ने एकमात्र उद्देश्यले संचालन ल्याईएका यस्ता होटेल, रिसोर्टहरू स्थापना गर्दा प्राकृतिक विपत्तिको सम्भावनालाई ख्याल गरेको देखिदैन र विपद न्यूनीकरण तथा अनुकूलनका कार्यहरू समेत गरेको देखिदैन। नदी उकास क्षेत्रमा पर्यटकीय पूर्वाधारहरू बनाईएकोले बारम्बार डुवान र नदी कटानले यस्ता पूर्वाधारमा क्षति पुग्ने गरेको छ। पहाडी क्षेत्रमा भूक्षयबाट समेत होटेल, रिसोर्टहरूमा बारम्बार क्षति पुग्ने गरेको छ। यसपालिको असोजमा दुई दिन ठूलो पानी पर्दा बागमती प्रदेशका धैरै होटेल, रिसोर्टहरूले क्षति भोग्नु परेको छ। कतिपय स्थानमा पुनः संचालन गर्ने नसकिने गरि होटेल, रिसोर्ट क्षतिग्रस्त भएका छन्। भूकम्प र कोरोनाले थला पारेको पर्यटन क्षेत्रलाई यो अवस्थाले झन् थला पार्ने निश्चित छ।

### ग. पर्यटकीय सम्पदामा क्षति:

यहि भदौ ५ मा अविरल वर्षासँगै आएको पहिरोले ओखलढुङ्गा जिल्लाको चम्पादेवी र सुनकोशी गाउँपालिकाको सिमानामा रहेको प्रसिद्ध धार्मिकस्थल चम्पादेवी ककनीको मन्दिर बगाएको छ। असोज ११ र १२ गते नारायणी नदीमा आएको बाढीले गर्दा लाखौ खर्चेर भरतपुर महानगरपालिकाले नारायणी किनारमा बनाएका पर्यटकीय संरचनाहरू पुरिएका, भत्किएका छन्। केहि वर्ष अघि राप्ती नदीमा आएको बाढी सौराहा क्षेत्रको वनमा पस्दा वनको भू बनोटमा परिवर्तन आएर वन्यजन्तुको वासस्थान र चरन क्षेत्र नै बदलिएको थियो। चुरे पहाडमा गएको पहिरोले गर्दा २०४० को दशकसम्म बुटवलको प्रमुख धार्मिक गन्तब्य बनेको सहश्रधारा क्षेत्र अहिले मानिसको पहुँच भन्दा टाढा पुगेको छ। प्राकृतिक प्रकोपले बिगारेका पर्यटकीय सम्पदाहरू नेपालमा धेरै छन्। भूकम्पको चपेटामा परेर पहाडी र हिमाली क्षेत्रमा रहेका सयौ वर्ष पुराना मठ मन्दिर र गुम्बा चैत्यहरू नाशिएका छन् र बाँकी रहेका पनि संरक्षणको अभावले गर्दा मासिने क्रममा छन्। बाढी पहिरोले धरातलीय स्वरूपमै परिवर्तन ल्याउने भएकोले यस्ता विपदमा परेर भूदृश्यमा आधारित पर्यटकीय सम्पदाहरू नासिने वा कुरूप बन्नु कुनै नौलो कुरा हैन। बाढी र पहिरोले जल पर्यटनलाई प्रत्यक्ष असर पुऱ्याउने गर्दछ। तराईका नदीहरूमा आउने बाढीले कोशी टप्पु, पर्सा, चितवन, बर्दिया जस्ता राष्ट्रिय निकुन्जमा वन्यजन्तुको विचरणक्षेत्र पुर्ने, वनमा रहेका ताल तलैयाहरू पुर्ने गरेको देखिन्छ। यसले वन्यजन्तुको दैनिकीका साथे पर्यटकहरूको भ्रमणलाई असर पार्ने गरेको छ। बाढी, पहिरो, भूकम्प जस्ता प्रकोपमा आधारित भएर जियो-टुरिजम र डार्क टुरिजम गर्न सकिने भएपनि नेपालमा त्यसको अभ्यास नभएकोले प्राकृतिक विपत्तिमा परेर एकपटक पर्यटकीय सम्पदा, स्थलहरू नासिएपछी त्यहाँ पर्यटनका सबै गतिविधिहरू ठप्प हुने गरेका छन्। कहिलेकाही बाढी, पहिरोबाट कुनै स्थानमा नदि थुनिएर, नदीले धार परिवर्तन गरेर तालहरू बन्दा त्यसले केहि पर्यटकलाई आकर्षित भएपनि त्यस्ता आकर्षण क्षणिक हुने गरेको बडिगाड खोलामा बनेको तुरतुरे ताललाई हेर्दा पनि थाहा हुन्छ।

पछिल्ला वर्षहरूमा जलवायु परिवर्तनका असरहरू नेपालको पर्यटन क्षेत्रमा क्रमशः बढिरहेको छ। प्राक्टिकल एक्सन र संस्कृति, पर्यटन मन्त्रालयले सन् २०१७/१८ मा गरेको अध्ययनले बाढी, पहिरो, हिम आँधी लगायत जलवायुजन्य प्रकोपका नेपालको पर्यटन क्षेत्रले वार्षिक सरदर २४१ मिलियन अमेरिकी डलर (करीब रु.२५ अर्ब) बराबरको क्षति व्यहोरिरहेको देखाएको छ। जलवायु परिवर्तनको कारण हिमाली क्षेत्रमा हिउँ पर्ने दरमा कमी र हिउँ पग्लने दरमा वृद्धि भैरहेको छ। हिमाली क्षेत्रमा हिउँ घट्दै जाँदा हिमाली क्षेत्रले आकर्षण गुमाउँदै जाने निश्चित छ। हिमाली क्षेत्रमा तापक्रम वृद्धिले गर्दा हिम गलनमा वृद्धि, हिम पहिरो र हिमताल विस्फोटनका खतराहरू बढिरहेका छन्। यसले हिमाली क्षेत्रमा पदयात्रा र पर्वतारोहणलाई जोखिमपूर्ण बनाएको छ। सुख्खा, अतिवृष्टि र अनावृष्टि नेपालमा देखिएका जलवायु परिवर्तका असरहरू हुन्। यस्ता विपदले पर्यटन क्षेत्र प्रत्यक्ष प्रभावित हुने गरेको छ। नदीहरूमा पानीको मात्रा र बहावलाई खडेरी र अतिवृष्टिले प्रभाव पार्ने र यसबाट नेपालका नदीहरूमा चलिरहेको जल पर्यटनलाई गम्भीर प्रभाव पार्ने निश्चित छ। नेपालमा धेरै पर्यटक मङ्सिर-जेठ अवधिमा घुम्ने गरेका छन्। यहि समयमा तालतलैयामा पानी घट्दा घुमफिर गर्नेहरूलाई निराश गराउने र पर्यटन गतिविधि संकुचित हुने संकेत देखिएका छन्। खासगरी तराई क्षेत्रमा रहेका तालतलैयाहरू हिउँद मै सुक्न थालेका छन्, जुन पर्यटकीय क्षेत्रको लागि पक्कैपनि सुखद संकेत होइन्।

पर्यटन बहुविषय सम्बन्धित क्षेत्र हो। कृषि, वन, खानेपानी, संचार, उत्पादन, सँस्कृति, बसाईसराई जस्ता क्षेत्रमा प्राकृतिक प्रकोपले असर पार्नासाथ पर्यटन क्षेत्र स्वतः प्रभावित हुन्छ। बाढी, पहिरो, अत्यधिक वर्षा, शीतलहर, हिमताल विस्फोटन जस्ता विपदबाट तत्कालिन रूपमा पर्यटकीय पूर्वाधारमा कति आर्थिक क्षति पुग्यो भनेर लेखाजोखा गर्न सकिने भएपनि पर्यटन उद्योगले भविष्यका कति गुमाउनेछ भन्ने सहजै अनुमान गर्न सकिदैन। खासगरी पर्यटनका भौतिक पूर्वाधारलाई पुनर्जीवन दिन सकिने भएपनि पर्यटकीय सम्पदा, सभ्यता र संस्कारलाई पहिलेकै अवस्थामा ल्याउन सकिदैन्। प्राकृतिक प्रकोपबाट त्रसित भएर फर्केका पर्यटकलाई सुरक्षित महसुस गराएर पुन भ्रमणको लागि ल्याउन पनि निकै कठिन हुन्छ। नेपालको पर्यटनको मुख्य आधार प्रकृति हो र यहि प्रकृति खलबलिँदा पर्यटन क्षेत्र थिलोथिलो हुने गरेको छ। विकास निर्माणका कार्यहरू गर्दा पर्यटकीय क्षेत्र नखलबलिने गरि बनाउने, पर्यटन पूर्वाधारहरू बनाउँदा विपद जोखिमको सम्भावना अध्ययन गरेर मात्र बनाउने, विपद जोखिम न्यूनीकरणको काम गर्ने, विपदको अवस्थामा पर्यटकको सुरक्षा, उद्धारमा प्राथमिकता दिने जस्ता कामहरू गर्न सकेमा पर्यटन क्षेत्रमा प्राकृतिक प्रकोपको क्षति कम गर्न र पर्यटकलाई सुरक्षित महसुस गराउन सकिन्छ। पर्यटन व्यवसायी र पर्यटक त्रसित हुने अवस्था रहँदासम्म नेपालको पर्यटन क्षेत्रले गति लिन सक्नेछैन्।

# ड्रागन फ्रुटसँगै सयपत्री फूलको खेती

रामेछाप, ५ कार्तिक- फल लाग्ने अवस्थाको ड्रागन फ्रुटको बोट र त्यससँगै रोपिएको सयपत्रीको फूलले बारी पहेँलपुर छ। मन्थली नगरपालिका-५ सुनारपानीका रामबहादुर शाहीले बनमाराले भरिएको जग्गामा खनजोत गरी सुरु गरेको ड्रागन फ्रुट र सयपत्री फूलको खेती हेर्न त्यहाँ पुग्ने जो कोही पनि लोभिन्छन्।

पाँच रोपनीमध्ये तीन रोपनीमा उनले ड्रागन फ्रुट मात्रै लगाउनुभएको छ भने बाँकी दुई रोपनीमा ड्रागन फ्रुटसँगै सयपत्रीको पनि खेती गरिरहेका छन्। तिहार सुरु हुने समयमा झपक्कै फूलेका सयपत्रीले त्यहाँको दृश्य मनमोहक बनाइदिएको छ। लामो समयदेखि बनमारा मात्रै उम्रिएको जग्गामा दुई वर्षअघि शाहीले ड्रागन फ्रुट लगाउने निर्णय गरेका थिए। सुरुमा तीन सय बोट ड्रागन फ्रुट रोप्नु भएका उनले त्यससँगै सयपत्री फूल पनि रोपेका थिए। एउटै जग्गाबाट अहिले उनले दोहोरो लाभ लिएका छन्। उनले सयपत्री बाहेक विभिन्न प्रजातिका विरुवाहरू



उत्पादन गर्न नर्सरीको समेत व्यवस्था गरेको सुनाए।

उनले भने, "लामो समयदेखि काठमाडौंमा फूलको नर्सरी सञ्चालन गरेको थिए, त्यही अनुभवका आधारमा यहाँ पनि फूल र विभिन्न विरुवाको नर्सरी सुरु गरेको हुँ।" आफ्नै गाउँमा केही गरौं र स्थानीय किसानलाई सहयोग गर्नुपर्छ भन्ने सोचले आफूले यहाँ खेती सुरु गरेको उनको भनाइ छ। शाहीलाई नगरपालिकाबाट पनि सहयोग प्राप्त भइसकेको छ। फूल खेतीका लागि नगरपालिकाले रु एक लाख अनुदान उपलब्ध गराएको नगर कार्यपालिकाका सदस्य एवं वडा नं ५ का अध्यक्ष रबिन कार्कीले जानकारी दिए।

साथै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाद्वारा मन्थलीमा सञ्चालित जुनार जोन कार्यक्रममार्फत कागतीका विरुवा उत्पादनका लागि रु पाँच लाख अनुदान लिएको परियोजनाका कार्यालय प्रमुख थिरलाल गैरेले बताए। आफ्नो कम्पनी भदौरे कालिका कृषि तथा पशु पंक्षी फार्मले परियोजनामार्फत अनुदान प्राप्त गरेको र यसले काम गर्न हौसला मिलेको शाहीको भनाइ छ। उनले भने, "मेहनत गर्ने हो भने स्वदेशमै केही गर्न सकिन्छ, सरकारले पनि सहयोग गर्छ, यसबाट कृषि क्षेत्रमै धेरै काम गर्न सकिन्छ भन्ने विश्वास जागेको छ।"

उनले उत्पादन गरेको सयपत्री फूल सदरमुकाम मन्थलीदेखि दोलाखा, सिन्धुलीदेखि काठमाडौंसम्म जाने गरेको छ। उनले ड्रागन फ्रुट प्रतिकिलो तीन सय ५० र सयपत्री फूल प्रतिकेजी दुई सय ५० मा बिक्री सुरु गरेका छन्। यस वर्षको तिहारमा उनले सयपत्री बिक्रीबाट तीनदेखि पाँच लाखसम्म आम्दानी गर्ने योजना बनाएका छन्।

# सङ्कटासन्न समुदायलाई मानवीय सहयोगःरेडक्रस

काठमाडौं, ५ कार्तिक- रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीको अन्तर्राष्ट्रिय महासङ्घ (आइएफआरसी) ले मनसुनका अवधिमा नेपालका विभिन्न स्थानमा आएको बाढी पहिरो तथा डुबान प्रभावितलाई आवश्यकताका आधारमा सङ्कटासन्न समुदायलाई मानवीय सहयोग जारी रहेको जनाएको छ। आइएफआरसीले नेपाल रेडक्रसमार्फत हालसम्म यस वर्षको बाढीपहिरो तथा डुबानबाट प्रभावित करिब पाँच हजार जनालाई खोज तथा उद्धार, प्राथमिक उपचार, सुरक्षित स्थानमा स्थानान्तरण तथा खाद्यान्न वितरणमा सहयोग गरेको जनाएको छ।

साथै बाढीपहिरो प्रभावित जिल्लामा तत्काल राहत वितरण गर्नेगरी नेपाल रेडक्रसका विभिन्न गोदामघरबाट हालसम्ममा रु तीन करोड १३ लाख ८० हजार बराबरको गैरखाद्य राहत सामग्री (कम्बल, त्रिपाल, म्याट्रेस, सरसफाइ कीट ब्ल्याङ्केट, स्लिपिङ ब्याग आदि) जिल्ला शाखामा पठाइएको जनाइएको छ।नेपाल रेडक्रद्वारा जारी विज्ञप्तिका अनुसार हालसम्म तीन आठ सय १७ परिवारलाई रु. दुई करोड २७ लाख बराबरको नगद र गैरखाद्य राहत सामग्री वितरण गरिसकिएको छभने आठ सय ७४ जना स्वयंसेवक तथा कर्मचारी खोज तथा उद्धारकार्यमा परिचालित भएका छन्। आइएफआरसीका महासचिव जगन चापागाईंले गत असोज १०, ११ र १२ गतेको बाढीपहिरो तथा डुबान प्रभावितका लागि तत्काल आइएफआरसीको आपत्कालीन सहयोग कोषमार्फत रु नौ करोडको सहयोग उपलब्ध गराउने घोषणा गरे।

## चराको...

चिडिमारहरूको पारिवारिक जीवन पनि संकटमा छ। शिकार गर्न नपाउँदा आम्दानीको स्रोत घटेको छ, जसका कारण उनीहरूको आर्थिक अवस्था दिनानुदिन कमजोर बन्दै गएको छ। चिडिमार समुदायले अन्य पेसामा लाग्न चाहे पनि तिनको लागि आवश्यक सीप, तालिम, र स्रोतको अभाव छ। "अरू पेसामा लाग्न मन त छ, तर कसरी गर्ने? हामीलाई सीप छैन, तालिम छैन," रामप्रसादले थपे।

चिडिमारहरूको समस्यालाई समाधान गर्न सरकारी निकाय र गैरसरकारी संस्थाहरूले वैकल्पिक रोजगारीका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ। विभिन्न क्षेत्रमा चिडिमार समुदायलाई समावेश गरेर उनीहरूलाई नयाँ सीप र तालिम प्रदान गर्न सके, यो संकटबाट बाहिर निस्कन मद्दत हुन सक्छ। पर्यावरण संरक्षणसँगै यी समुदायको जीविकाको लागि वैकल्पिक उपायहरू खोज्नुपर्ने समय आएको छ।

सरकारले चिडिमारहरूको लागि उचित तालिम कार्यक्रम, स्वरोजगार योजना, र नयाँ पेसामा लाग्न आवश्यक स्रोतसाधन उपलब्ध गराउनु आवश्यक छ। पर्यावरण संरक्षण महत्त्वपूर्ण छ, तर स्थानीय समुदायको जीवनयापन र उनीहरूको सांस्कृतिक पहिचानलाई बचाउनका लागि उचित कदम पनि चाल्नुपर्ने देखिन्छ।

चिडिमारहरूको पुर्खौली पेशा संकटमा परेपनि, उनीहरूको सीप र परिश्रमलाई वैकल्पिक क्षेत्रमा प्रयोग गर्न सकिने सम्भावना छ। सरकारले समयमै ध्यान नदिए, यो समुदायको जीविकामा गम्भीर समस्या उत्पन्न हुनेछ।

## सहकारीले...

कृषकले उत्पादन गर्ने, सहकारीले संकलन गर्ने र सहकारी संघले दूध प्रशोधन गरी दुग्धजन्य पदार्थ बिक्री गरेर सहकारीको असल अभ्यास गरेको राष्ट्रिय सहकारी बैंकका सञ्चालक तथा सहकारी अभियन्ता रामबहादुर जिसीको भनाइ छ। दैनिक यहाँका काठेखोला गाउँपालिका र बागलुङ नगरपालिका किसानले उत्पादन गरेको दूध खरिद गरी १४ वटा सहकारीमार्फत संघले बजारीकरण गर्दै आएको छ। रासस

# प्रधानमन्त्रीले नै भ्रष्टाचारीको संरक्षण गरेका छनः दाहाल

जुम्ला (बुटवल टुडे), ५ कार्तिक- नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले प्रधानन्त्रीले नै यो सरकार भ्रष्टाचारीको संरक्षक हो भन्ने पुष्टि गरेको बताएका छन्।

प्रेस सेन्टर जुम्लाले जुम्लाको सिञ्जा कनकासुन्दरीमा गरेको पत्रकार भेटघाटलाई सम्बोधन गर्दै उनले आफूले सरकार गठन भएदेखि नै यो सरकार भ्रष्टाचारीलाई बचाउन बनेको भन्दै आएको र अहिले त्यो आरोप प्रधानमन्त्री स्वयंले पुष्टि गरेको बताएका हुन्।

'मैले उतिबेला नै भनेको थिएँ, यो सरकार भ्रष्टाचारीलाई बचाउन बनेको हो, भ्रष्टाचारलाई प्रोत्साहन गर्न बनेको हो, सरकार गठनको तीन महिना पुग्दै छ, तपाईंहरूले सबै देखिरहनुभएको छ', अध्यक्ष दाहाल ले भने, 'मेरो नेतृत्वको सरकारले जसलाई राज्यको जमिन जबर्जस्ती व्यक्तिमा नाममा लैजाने जस्तो ठगी गरेको कारण गिरफ्तार गरेको थियो र अदालतमा मुद्दा पनि चलिरहेको छ, तिनै व्यवसायीबाट जग्गा दान लिने जस्तो कार्य गरेर प्रधानमन्त्री आफैंले यो सरकार भ्रष्टाचारीको संरक्षक हो भन्ने पुष्टि गरेका छन्।'




सरकारले गर्नुपर्ने काम नगरेको र नगर्नुपर्ने काम गरिरहेको उल्लेख गर्दै उनले अब सरकार गठन भएको सय दिन पूरा भएपछि विरोधका कार्यक्रम सुरु गर्ने जानकारी पनि दिए। उनले भने, 'सरकारले जतिसुकै नराम्रो काम गरे पनि हामीले हनिमुन पिरियड मानिने सय दिनसम्म प्रतिनिधिसभाबाट खबरदारी वक्तव्य दिनेबाहेक अन्य विरोधका कार्यक्रम गरेका छैनौं। आज मात्रै हामी विपक्ष दलहरूको तर्फबाट सरकारलाई ज्ञापनपत्र दिंदैछौं र सय दिन पुगेपछि विरोधका कार्यक्रम सुरु हुन्छन्।'

पूर्वप्रधानमन्त्री दाहालले आफ्नो नेतृत्वको सरकारले देशभित्र भ्रष्टाचारका विरुद्ध, सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिका पक्षमा तथा अन्तर्राष्ट्रियरूपमा नेपालमा प्रतिष्ठा अभिवृद्धि गर्न पहलकदी लिइरहेको बेला संसदका पहिलो र दोस्रो दलले अस्वभाविक र अप्राकृतिकरूपमा आफूलाई हटाएको बताए।उनले भने, 'देशमा महत्वपूर्ण उपलब्धि भइरहेको बेला हामीले भ्रष्टाचारीलाई कारबाही बढाउँदै लगेको देखेपछि खासगरी नक्कली भुटानी शरणार्थीसँग सम्बन्धित केही फरार अभियुक्तलाई गिरफ्तार गरेपछि बूढानीलकण्ठ र बालकोटमा निकै ठूलो भूकम्प गयो र रातारात अस्वभाविकरूपमा सरकार बनाइयो।'

उनले आफूले सरकारको नेतृत्व गरेको बेलामा देशभित्र जनताको आशा जगाउँदै विश्व समुदायमाझ पनि नेपालको प्रतिष्ठा प्रवर्धनलाई अघि बढाएको बताए । दुई छिमेकी देशको भ्रमणमा ऐतिहासिक समझदारीहरू भएको उल्लेख गर्दै अध्यक्ष दाहाल ले थपे, 'संयुक्त राष्ट्रसंघको महासभा, विश्व खाद्य सम्मेलन, कोप २८ सम्ममा लिएको हस्तक्षेपपूर्ण पहलकदमीले विश्वको ध्यान नेपालतर्फ आकर्षित भएको थियो।'

महासभाका क्रममा संयुक्त राष्ट्रसंघका महासचिवलाई निम्तो दिएर विभिन्न युद्धको जटिल अवस्थामा समेत महासचिव नेपाल आउनु महत्वपूर्ण उपलब्धि भएको उल्लेख गर्दै उनले थपे, 'गौतम बुद्धको जन्मस्थल लुम्बिनीबाट उहाँ र मैले विश्व शान्तिका लागि अपिल गरेका थियौं। यी सबै पहलकदमीले विश्वको ध्यान नेपालमा तानिएको थियो भने नेपालको पक्षमा अन्तर्राष्ट्रिय जनमत राम्रो बनेको थियो।' खस भाषा र सभ्यताको केन्द्र सिञ्जा कनकासुन्दरीमा आयोजित पत्रकार भेटमा अध्यक्ष अध्यक्ष दाहालले सिञ्जा सभ्यता र प्रतिष्ठानका लागि चाँडै ऐन बन्ने बताए।

उनले आफू पछिल्लोपटक प्रधानमन्त्री भएको बेलामा सिञ्जा सभ्यता र प्रतिष्ठानसम्बन्धी विधेयक अघि बढाएको उल्लेख गर्दै यसलाई चाँडै मन्त्रिपरिषदबाट पारित गरी संसदबाट ऐन बनाउने प्रक्रिया थालनी गर्नुपर्ने बताए। 'मैले क्याबिनेटबाट सैद्धान्तिक सहमति पूरा गरेर त्यो विधेयक अघि बढाउने प्रक्रिया सुरु गरिसकेको थिएँ, अब त्यो विधेयक मन्त्रिपरिषदबाट पारित हुने प्रक्रियामा छ। मलाई विश्वास छ, त्यो चाँडै टुंगोमा पुग्नेछ', उनले भने, 'त्यो हामी सबैका लागि खुसीको कुरा हुनेछ।


## लुम्बिनी बौद्ध विश्वविद्यालय
### केन्द्रिय कार्यालय, लुम्बिनी, नेपाल
## आशयपत्र पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८१।०७।०६

यस विश्वविद्यालयको रुपन्देही जिल्लामा भौतिक पूर्वाधार निर्माणको काम गर्नुपर्ने भएकाले सार्वजनिक खरिद ऐनको दफा ६क र सोही ऐनको दफा ३० को उपदफा (६) बमोजिम परामर्श सेवा लिनका लागि संक्षिप्त सूचि तयार गर्नुपर्ने भएकाले सूचिकृत हुन चाहनेले फर्म तथा कम्पनीको इजाजत पत्र, दर्ता प्रमाणपत्र, प्यान वा भ्याट दर्ता प्रमाणपत्र र आ.व २०८०।०८१ सम्मको कर चुक्ता प्रमाणपत्र, कम्पनी भएमा ०७९।८० सम्म अद्यावधिक भएको प्रमाण तथा अन्य प्रमाणहरुको प्रतिलिपिसहित यो सुचना प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र यस विश्वविद्यालयको केन्द्रिय कार्यालय अन्तर्गतको प्रशासन शाखामा आशयपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

# अमेरिकाविरुद्धको सिरिजमा नेपालको क्लिन स्विप

काठमाडौं, ५ कार्तिक- नेपालले अमेरिकाविरुद्धको ३ खेलको टि ट्वान्टी सिरिज क्लिन स्विप गरेको छ। तेस्रो टि ट्वान्टी खेलमा सोमवार ८ विकेटको जित हात पार्दै नेपालले सिरिज क्लिन स्विप गरेको हो। नेपालले टि ट्वान्टी आईमा दोस्रो पटक सिरिज क्लिन स्विप गरेको हो। यसअघि सन् २०१९ मा नेपालले मलेसियामा घरेलु टोलीविरुद्धको २ खेलको टि ट्वान्टी आई सिरिज क्लिन स्विप गरेको थियो। १ सय ५७ रनको मध्यम लक्ष्य नेपालले १८.४ ओभरमा २ विकेट गुमाएर पूरा गर्यो। नेपालको जितमा आसिफ शेखले ३९ बलमा ५ चौका र २ छक्काको सहयोगमा ५० रनको अर्धशतकीय इनिङ खेले। टि ट्वान्टी करियरको छैठौं अर्धशतक बनाए लगत्तैको बलमा आसिफ जायस ड्रेल्सद्वारा आउट भए। कुशल मल्लले ३० बलमा ४ चौका र १ छक्काको सहयोगमा नट आउट ४४ रन बनाए। यस सिरिजमा पहिलो पटक मौका पाएका कुशलले कुशल भुर्तेलसँग मिलेर तेस्रो विकेटका लागि नट आउट ७४ रनको साझेदारी गरे।

भुर्तेलले ३२ बलमा २ चौका र १ छक्काको सहयोगमा नट आउट ४० रन जोडे। ओपनर अनिलकुमार शाह पहिलो विकेटका रूपमा १३ रन बनाउँदै जसदिप सिंहको बलमा एलबिडब्लु आउट भए।

अमेरिका लागि जायस ड्रेल्स र जसदिप सिंहले समान १ विकेट लिए।

त्यसअघि अमेरिकाको ग्राण्ड प्रेरीमा टस जितेर पहिले ब्याटिङ गरेको घरेलु टोलीले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर १ सय ५६ रनको योगफल तयार गरेको थियो। साइतेजा मुकमल्लाले ५० बलमा ५ चौका र २ छक्काको सहयोगमा ६८ रन बनाए। मुककामल्ला अर्धशतक बनाएर सोमपाल कामीको बलमा बोल्ड आउट भए।

चौथो विकेटका लागि मुककामल्ला र मिलान्ड कुमारले ७६ रनको साझेदारी गरेका थिए। कुमारले ३५ बलमा ४ चौकाको सहयोगमा नट आउट ४३ रन बनाए। आरोन जोन्स १३ रन बनाउँदै ललित राजवंशीको बलमा रिजन ढकालबाट समातिए। अमेरिका कप्तान मोनांक पटेल २ रन बनाउँदै सोमपालको बलमा एलबिडब्लु धरापमा परे। हर्मित सिंह १० रनमा नट आउट रहे। नेपालका लागि सोमपालले ३ तथा रिजन ढकाल र ललितले समान १ विकेट लिए।

नेपालले अमेरिकासँगको सिरिज भने एक खेल अगावै आइतवार नै जितिसकेको छ। पहिलो टि ट्वान्टी आईमा १७ रनले जित हात पारेको नेपालले दोस्रो खेल सुपर ओभरमा जितेको थियो।

यस सिरिज पछि नेपाली टोलीले अमेरिका ए सँग ५० ओभरको अभ्यास खेल खेल्नेछ। कात्तिक ९ गतेबाट विश्व कप लिग टु अन्तर्गतको त्रिकोणात्मक सिरिज सुरु हुनेछ। त्रिकोणात्मक सिरिजमा घरेलु टोली अमेरिका, नेपाल र स्कटल्याण्डको सहभागिता रहनेछ।




### सोमपाल प्लेयर अफ द सिरिज

- अमेरिकाविरुद्धको ३ खेलको टि ट्वान्टी आई सिरिजमा नेपाल का तीव्र गतीका बलर सोमपाल कामी प्लेयर अफ द सिरिज बनेका छन्। सोमपालले सिरिजका ३ खेलमा ५ विकेट लिएका थिए। पहिलो खेलमा कुनै विकेट लिन नसकेका सोमपालले दोस्रो खेलमा २ तथा तेस्रो खेलमा ३ विकेट लिएका थिए।दोस्रो खेलमा भएको सुपर ओभरमा सोमपालले २ रन खर्चिएर २ विकेट लिएका थिए।

### आसिफ प्लेयर अफ द म्याच

अमेरिकाविरुद्धको तेस्रो टि ट्वान्टी खेलमा नेपाली ओपनर आसिफ शेख प्लेयर अफ द म्याच भएका छन्।

डालसस्थित ग्राण्ड प्रेरीमा सोमवार भएको खेलमा अमेरिकाविरुद्ध अर्धशतक बनाएका आसिफ प्लेयर अफ द म्याच भएका हुन्। आसिफले ३७ बलमा आफ्नो करियरको छैठौं अर्धशतक पूरा गरेका थिए।

आसिफले आफ्नो टि ट्वान्टी करियरमा तेस्रो पटक प्लेयर अफ द म्याच अवार्ड जितेका हुन्। यसअघि आसिफले सन् २०२२ मा मलेसियाविरुद्ध पहिलो तथा २०२३ मा युएईविरुद्ध दोस्रो पटक प्लेयर अफ द म्याच जितेका थिए।

अमेरिकाविरुद्धको ३ वटा टि ट्वान्टी सिरिज नेपालले क्लिन स्विप गरेको हो। तेस्रो टि ट्वान्टीमा ८ विकेटको जित हात पार्दै नेपालले सिरिज क्लिन स्विप गरेको हो। नेपालले टि ट्वान्टी आईमा दोस्रो पटक सिरिज क्लिन स्विप गरेको हो।यसअघि सन् २०१९ मा नेपालले मलेसियामा घरेलु टोलीविरुद्धको २ खेलको टि ट्वान्टी आई सिरिज क्लिन स्विप गरेको थियो। नेपालले १ सय ५७ रनको मध्यम लक्ष्य नेपालले १८.४ ओभरमा २ विकेट गुमाएर पूरा गरेको थियो।

# रवि पक्राउको विरोधमा पोखरामा रास्वपाको प्रदर्शन

काठमाडौं, ५ कार्तिक - पार्टी सभापति रवि लामिछानेलाई पक्राउ गरेको विरोधमा रास्वपाले सोमबार पनि कास्कीमा प्रदर्शन गरेको छ।

राजनीतिक प्रतिशोधका आधारमा लामिछानेलाई पक्राउ गरेको भन्दै रास्वपाले सोमबार पोखराको पृथ्वीचोकमा प्रदर्शन गरेको हो। प्रदर्शनमा सहभागीहरूले सहकारी पीडितलाई न्याय दे, माफियाहरूलाई कारवाही गर, भ्रष्ट सरकार मुर्दावाद लगायतका नारा लगाएका थिए। सहकारी ठगी र संगठित अपराधमा अनुसन्धानका लागि शुक्रबार काठमाडौंबाट पक्राउ परेका लामिछानेलाई आइतबार कास्की अदालत पेश गरिएको थियो।

---

स्थानिय सरकार

## लुम्बिनी साँस्कृतिक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश, नेपाल, रूपन्देही

### क्याटलग सपिङ्ग विधीबाट डिजिटल एक्सरे मेशिन खरिद गर्ने सम्बन्धी सुचना।

**प्रथम पटक प्रकाशित मिति : २०८१।०७।०६**

यस कार्यालयलाई आवश्यक डिजिटल एक्सरे मेशिन आवश्यक परेको हुनाले उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा अधिकृत /आधिकारिक विक्रेताहरुले कम्पनी फर्म दर्ता, एजेन्सि दर्ता प्रमाणपत्र, letter of Authorization र आ व ०८०।८१ को करचुक्ता वा म्याद थपको प्रमाणपत्र लगायतका कागजातहरुको प्रमाणित प्रतिलिपीहरु समावेश गरी डिजिटल एक्सरे मेशिनको आधिकारिक स्पेशिफिकेशन, मुल्य र सुविधा सहितको गुणस्तर विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखि यो सुचना प्रकाशन भएको मितिले ७ दिनभित्र यस कार्यालयको कार्यालय समयमा निवेदन दर्ता गर्नुहुन सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) बमोजिम सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताहरुको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ। विस्तृत स्पेसिफिकेशनका लागि लुम्बिनी साँस्कृतिक नगरपालिकाको website: www.lumbinisanskritikmun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

| Package | Type of digital x ray machine | General specification | Required quantity |
|---|---|---|---|
| 1 | Digital Computed Radiography System (CR-system) | Radiography system to replace conventional Film/Screen based X-Ray processing techniques with Photostimulable Phosphor Plate technology to obtain digital X-ray images, system configuration consist Image recording system (cassettes& reading plates), Image reading system (reader/digitizer), CR processing workstation, CR reader/Digiter should be art of state, with the processing capacity of 45 image plates/hr or more of the largest size cassette (14" X 17"), System should be capable of printing any of the 8"X10", 10"X12", 11"X14" or 14"X17" films, The processing station must have 4GB RAM, at least 1TB HDD and 17 inch Branded Monitor. The PC hardware and monitors must be from reputed brands. Laser Imager- The system must have a dry laser imager without need of any wet chemistry, should have speed of minimum 70 sheets or more per hours for the largest flim size of 14" x 17", Should be capable of changing the tray at any time, should supply 14x17 inch: 01 nos. and 10x12 inch:01 nos., Should supply suitable online UPS with maintenance free batteries, System having ISO, CE and USFDA (510) certified product. | 1 |

प्रमुख प्रशासकीय अधिकृत

---

## श्री बुद्धनगर सामुदायिक उपभोक्ता समुह

देवदह-९, रूपन्देही

### गोलिया काठ बोलपत्रद्वारा लिलाम विक्रिको सूचना

**सूचना प्रकाशित मितिः २०८१।०७।०६**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ. व. २०८०/०८१ मा उत्पादन भई घाटगद्दीमा राखिएको साल ७०१.२ क्यू. फिट र असना ३५४.७ क्यू. फिट गरी जम्मा १०५५.९ क्यू. फिट काठ हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। डिभिजन वन कार्यालयमा सुचिकृत भएका इच्छुक वन पैदावारमा आधारित उद्योगले यो सुचना प्रकाशित भएको मितिले २१ औं दिन भित्र समुहको कार्यालय वा डिभिजन वन कार्यालयबाट बोलपत्र खरिद गरी २२ औं दिन ४:०० वजे भित्र जुन कार्यालबाट खरिद गरिएको हो सोही कार्यालयमा दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत सुचना समुहको कार्यालय समेतमा टाँस गरिएको छ। विस्तृत जानकारीको लागि समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ।

**चेतमान श्रेष्ठ**
**अध्यक्ष**


---

### नर्सिङ्ग प्रोफिसियन्सि सर्टिफिकेट हराएको सूचना

सुनवल नगरपालिका वडा नं. ६, नवलपरासी ब.सु.प. निवासीले तमन सिंह थापाको नातिनी, शेर वहादुर थापा तथा जनमाया थापाको छोरी म श्री मौसमी थापा ना.प्रा.न. ३११०३८/२७३९ ई.सम्वत २०१६ देखि २०१८ सम्म (३ वर्षे) देवदह मेडिकल कलेज एण्ड रिसर्च ईन्स्टिच्यूटबाट सि.टि.ई.भि.टी. अन्तर्गत नर्सिङ्ग प्रोफिसियन्सि सर्टिफिकेट लेवलको अध्ययन सम्पन्न गरेको कामकाजको शिलसिलामा मिति २०८१/०७/०२ गतेका दिन सुनवल न.पा. वडा.नं. ६ विसासयबाट सुनवल चौराहा सम्म यात्रा गर्ने क्रममा सक्कल मार्कसिट, ट्रान्सक्रिप्ट तथा सर्टिफिकेट हराएको फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरी बुझाईदिनुहुन अनुरोध छ।

**नामः** मौसमी थापा
**सिटीईभीटी रजिष्टेसन नम्बरः** SN-03656-15
**नर्सिङ्ग प्रोफिसियन्सि सर्टिफिकेट नम्बरः** 89073
**सिम्बोल नम्बरः** 105053
**मो.नं.** ९८०४४४७०३३

---



---

## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी ३ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८१/०७/०६ गतेको बुटवल टुडे राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ३ (तिन) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु ४ (चौथो) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक तथा सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ।

**तपसिल**

| क.सं. | ऋणीको विवरण | |
|---|---|---|
| १. | **नाम : रामरतन प्रसाद निषाद**<br>बाबुको नाम : बेचन प्रसाद निषाद चाई ,बाजेको नाम : जैराम चाई<br>ठेगाना : पटखौली - ७, रुपन्देही, हाल : ओमसतिया - ५, रुपन्देही<br>ना.प्र.प.नं. : १/२२५२५, जि.प्र.का. रुपन्देही, जारी मिति : २०६३/०७/२७<br>**शाखा कार्यालय : भैरहवा** | |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : बासमति चाइ**<br>पतिको नाम : बेचन प्रसाद निषाद चाई<br>ससुराको नाम: जैराम चाई<br>ठेगाना : पटखौली - ७, रुपन्देही<br>हाल : ओमसतिया - ५, रुपन्देही<br>ना.प्र.प.नं. : ९/३७३<br>जि.प्र.का. रुपन्देही जारी मिति : २०४५/०१/२५ | **२. नाम : रोशन निषाद**<br>बाबुको नाम : बेचन प्रसाद निषाद चाई<br>बाजेको नाम : जैराम चाई<br>ठेगाना : पटखौली - ७, रुपन्देही<br>हाल : ओमसतिया - ५, रुपन्देही<br>ना.प्र.प.नं. : ३७-०१-७१-०७४९२<br>जि.प्र.का. रुपन्देही<br>जारी मिति : २०७१/०८/१७ |
| | **३. नाम : बेचन प्रसाद निषाद चाई**<br>बाबुको नाम : जैराम चाई, बाजेको नाम : सुर्यबली चाई<br>ठेगाना : पटखौली - ४, रुपन्देही, हाल : ओमसतिया - ५, रुपन्देही<br>ना.प्र.प.नं. : ६५७८८, जि.प्र.का. रुपन्देही, जारी मिति : २०३९/०६/०३ | |
| | **धितोको विवरण** | |
| | धनि लुम्बिनी बिकास बैंक लिमिटेड र ऋणी रामरतन प्रसाद निषाद भई यातायात व्यवस्था कार्यालय लुम्बिनीमा दर्ता कायम सवारी साधन नं. लु ४ त ७२२३ कायम रहेको PREET 6049 । | |

**नोट :** बोलपत्र आवेदन फारम यस बैंकको शाखा कार्यालयहरुबाट रु ५००/-(पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ। लिलाम बिक्री सम्बन्धी सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन।

**पुनश्च :**

- उल्लिखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनु हुने छैन।
- समितिबाट लिलाम बिक्री सदर भएपछि सम्बन्धित विभाग/शाखाले बोलपत्र स्वीकृत भएको बोलपत्रदातालाई बाँकी रकम जम्मा गर्नको लागि बढिमा ३० दिनको समय दिईनेछ।
- ऋणीले धितो दिएका फरक फरक सम्पत्तिहरु एकै पटक लिलामीमा निकाल्दा केही सम्पत्तिहरु खरिदको लागि मात्र बोलपत्र पेश भएमा विकास बैंकको हितलाई ध्यानमा राखी ती बोलपत्रहरु स्वीकृत गर्न सकिनेछ।
- बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको १२:०० बजेसम्म बोलपत्र पेश गर्न सकिने छ। साथै बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको ३.०० बजे प्रतिनिधिहरुको उपस्थितिमा बोलपत्र खोलिने छ। तर सबै प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

**बोलपत्र पेश गर्ने अन्तिम मिति र समय :**
**२०८१ कार्तिक ८ गते बिहीबार बैंकिङ्ग कारोबार समय सम्म।**
**बोलपत्र खोलिने मिति र समय : २०८१ कार्तिक ९ गते शुक्रबार १:०० बजे।**
**बोलपत्र खोलिने स्थान : लुम्बिनी विकास बैंक लिमिटेडको, सम्बन्धित शाखा कार्यालय**

लुम्बिनी विकास बैंक लि. Lumbini Bikas Bank Ltd. निरन्तर सहयात्रा

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालयः सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं
फोन नं. : ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६, फ्याक्स नं. ०१-४५१३५२६

---

## सन्धिखर्क नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सन्धिखर्क, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

### सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८१/०७/०६**

आ. व.२०८१/८२ मा आय ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिल बमोजिमका सर्तहरूको अधिनमा रहनेगरी ईच्छुक व्यक्ति, फर्मबाट गोप्य सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ।

१. सिलबन्दी दरभाउपत्रको फाराम मिति २०८१/०७/१२ गते सम्म कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखाबाट रु १०००। तिरी (फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ। यसका लागि व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र फर्मको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि साथ मु. अ. कर र स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०८१/८२ को लागि मान्य हुने कागजाहरू संलग्न गरी निवेदन दिनुपर्नेछ।
२. कबुल रकम तथा धरौटी रकम अङ्क र अक्षर दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
३. दरभाउपत्र मिति २०८१/०७/१३ गते दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ।सोही दिनको २:०० बजे यस कार्यालयका कर्मचारी र दरभाउपत्रदाताको उपस्थितिमा दरभाउपत्र खोलिने छ। दरभाउपत्र खोल्दा दरभाउपत्रदाता अनुपस्थित भएमा खोल्न कुनै बाधा पर्ने छैन।
४. दरभाउपत्र खरिद र दर्ता गर्ने दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट कार्यालय खुलेको दिन खरिद तथा दर्ता गर्न सकिनेछ।
५. कार्यालयबाट प्रमाणित नभएको रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिइने छैन।
६. सिलबन्दी दरभाउपत्र साथ आफुले कबुल गरेको अङ्कको ५ प्रतिशतले हुने रकम यस कार्यालयको रा. वा. बैङ्क सन्धिखर्क शाखामा रहेको धरौटी खाता नं ३०५०१००३०३००००००२ मा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त क वर्गको बैङ्कबाट यस कार्यालयको नाममा दरभाउपत्र नं, र नाम उल्लेख गरी ७५ दिन म्याद भएको बिडबण्ड सिलबन्दी खाम साथ पेस गर्नुपर्नेछ।
७. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित हुनेछ।
८. ठेक्का सम्बन्धी अन्य सर्त तथा विस्तृत विवरण दरभाउपत्र साथ उपलब्ध गराईनेछ। अन्य जानकारीको लागि कार्यालय समयभित्र राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ। सम्पर्क नम्बर ९८५७०२८९८८ रहेको छ।
९. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ।

**तपसिल**

| ठेक्का नं राजस्व | दरभाउपत्रको विवरण | न्यूनतम अङ्क मु.अ.कर बाहेक (तीन वर्षको न्यूनतम) | दरभाउपत्र दस्तुर |
|---|---|---|---|
| ठे.न १/राजस्व २०८१/८२ | नगर क्षेत्रभित्र जडीबुटी, कवाडी र जीवजन्तु कर संकलन, बिक्री तथा निकासी र नगर क्षेत्र भित्र उत्पादन भई डिभिजन वन कार्यालयको छुट पुर्जिको आधारमा निकासी हुने (सल्ला, खयर र अन्य कु काठ) समेत। | १७६००००। (सत्र लाख साठी हजार मात्र) | १०००। |
| ठे.न २/राजस्व २०८१/ ८२ | ठे.न २/राजस्व २०८१/८२ विज्ञापन कर संकलन गर्ने कार्य (आ. व. २०८१/८२ देखि २०८३/८४को असार मसान्तसम्म) प्रतिवर्ष रू २ (दुइ ) लाख २५ हजार मात्र। | ६७५०००। (छ लाख पचहत्तर हजार)मात्र | १०००। |

प्रमुख प्रशासकीय अधिकृत

---

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

☎ ०७६-५६००२१
०७६-५६१०४१

## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,कपिलवस्तु

### प्रस्ताव आह्वान सम्बन्धी सूचना

**सुचना नं : ०३/०८१/८२** **प्रथम पटक सुचना प्रकाशित मिति : २०८१/०७/०२**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कपिलवस्तुको आ. व. ०८१/८२ को **तपसिल** बमोजिमका बार्षिक स्वीकृत कार्यक्रमहरू "कृषि तथा पशुपंक्षी विकास कार्यक्रम संचलन कार्यविधि, २०८१" बमोजिम संचालन गर्न ईच्छुक आवेदकहरूले सुचना प्रकाशितभएको मितिले ३० दिन भित्र (मिति २०८१/०८/०१) गते कार्यालयमा रु. १० को टिकट टाँस गरि खामबन्दी प्रस्ताव पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि कार्यालय वा सुचना पाटी वा वेबसाईट वा कार्यालयको सम्पर्क नं.०७६-५६१०४१ वा सुचना अधिकारीको सम्पर्क नं ९८५७०५६०४२ मा सम्पर्क गर्न सकिनेछारित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत यसै सुचना मार्फत जानकारी गराईन्छ।

**तपशिलः**

क) नयां पोखरी निर्माण - ६ हेक्टर - ३० लाख ( जिल्ला भरी)
ख) भैसि प्रवर्द्धन कार्यक्रम- १ पटक -२५ लाख ( शिवराज न. पा.)
ग) माछा पोखरीको लागि वोरिङ्ग जडानमा सहयोग - ८ वटा - ८ लाख ( जिल्ला भरी)
घ) मत्स्य बजारिकरणको लागि होल्डिङ्ग तथा कन्डिसनिङ्ग ट्यांक निर्माण- ६ वटा- ६ लाख ( जिल्ला भरी)
ङ) मत्स्य शुद्धनशलका फ्युचर रूड वितरण - १ पटक - ५ लाख

कार्यालय प्रमुख

# अरूलाई सिध्याउँछु भन्नेहरू आफै सिद्धिएर जानेछन् : अध्यक्ष नेपाल

चन्द्रौटा (बुटवल टुडे), ५ कार्तिक- नेकपा एकिकृत समाजवादी पार्टीका अध्यक्ष माधव कुमार नेपालले अरूलाई सिद्धाउँछु भन्नेहरू आफै सिद्धिएर जाने बताएका छन्। कपिलवस्तुको शिवराज नगरपालिका-३, खरेन्द्रपुरमा सोमबार आयोजित लुम्बिनी प्रदेश कमिटीको विस्तारित कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो धारण व्यक्त गरेका हुन्। सरकारले अरू पार्टीलाई टुक्र्याउने दुस्साहस गरे त्यसको परिणाम नराम्रो हुने नेपालले चेतावनी दिए।



पार्टी फोड्न ठूलो शक्ति लागी परेको बताउँदै देश विकासमा आफू कटिबद्ध भएर लागेको उनले बताए। 'पार्टी फुटाउन खोज्ने शक्तिले बरु देश बनाउन लागे हुन्छ, अब अरूलाई सिद्धाउँछु भन्नेहरू आफै सिद्धिएर जानेछन्' : उनले भने। पछिल्लो देशको राजनैतिक तथा आर्थिक अवस्था जरजर रहेको बताए। विभिन्न राजनीतिक दलका नेतृत्वमा रहेका नेताका चरित्रले प्रष्ट पारेको उनको भनाई छ।

विचार र मन मिल्नेसँग मोर्चा सहकार्य र हातेमालो गरेर पार्टी अघि बढ्ने उनले बताए। तर, एकता भने नगर्ने नेता नेपालको भनाइ छ। 'हामी कतै विलीन हुँदैनौं, कसैले माओवादी, कसैले एमालेसँग एकता गर्छ भन्ने अनावश्यकता चर्चा गरेका छन्। त्यसमा सत्यता छैन,' उनले भने, 'कसैले पनि मन खुम्चाउनुपर्ने आवश्यकता छैन। हामी कतै विलीन हुँदैनौं। माओवादी र एमालेसँग विलीन हुँदैनौं।' चुनौती धेरै भए पनि पार्टी आफ्नै शक्तिमा उभिएर अघि बढ्दै गएको नेपालले बताए।

अध्यक्ष नेपालले देशलाई समृद्ध बनाउने आफ्नो अठोट दोहोर्याउँदै पार्टीका नेता तथा कार्यकर्ताहरूलाई पनि एकताबद्ध भएर अगाडि बढ्न आह्वान गरे। देशले परिवर्तन चाहेको जनाउँदै डेढ लाख जनताको मायाले आगामी दिनमा प्रभावकारी सेवामा प्रतिबद्ध रहने समेत उनले बताए।

# बंगलादेशको साइक्यू र नेक्सस रूपन्देही विजयी

भैरहवा (बुटवल टुडे), ५ कार्तिक- बंगलादेशको साइक्यू क्रिकेट एकेडेमी र नेक्सस रूपन्देही-११ नेपाल भैरहवामा जारी 'वीपी कोइराला स्मृति कप टी-२०' अन्तर्राष्ट्रिय अन्तरक्लब क्रिकेट प्रतियोगितामा विजयी भएका छन्। साइक्यू क्रिकेट एकेडेमीले श्रीलंका राज्य सेवा क्रिकेट संघ श्रीलंकालाई ८ विकेटले पराजित गरेको हो। साइक्यूको यो लगातार दोस्रो जित हो भने श्रीलंकन टिमको लगातार दोस्रो हार। नेक्सस रूपन्देहीले पाकिस्तानको जावेद गोहार इन्टरनेशनल क्रिकेट एकेडेमीलाई ७ विकेटले पराजित गर्दै जित निकालेको हो। प्रतियोगितामा नेक्ससको यो दोस्रो जित हो भने जावेद गोहारको लगातार तेस्रो हार हो।



सोमबार भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो खेलमा जितका लागि श्रीलंकन टिमबाट पाएको १ सय १३ रनको लक्ष्य बंगलादेशको साइक्यू क्रिकेट एकेडेमीले ११ ओभरमै २ विकेट गुमाएर १ सय १८ रन बनाउँदै सहजै भेट्टायो। उसको जितमा ३० बलमा २ छक्का र ७ चौकाको मद्दतमा मुनिम सानरिअरले ५१ रनको अर्धशतकीय इनिङ खेले। यस्तै, साद इन्ब मोशरफले २५, फैजलले नटआउट २२ र रकिब अहम्मदले अविजित १२ रनको योगदान गरे। बलिङमा श्रीलंका राज्य सेवा क्रिकेट संघका रवि किरण र वाहिदले १-१ विकेट लिए।

यसअघि टस जितेर ब्याटिङको निम्तो पाएको श्रीलंकन टिमले निर्धारित खेलमा ६ विकेटको नोक्सानीमा १ सय १२ रनको सामान्य योगफल प्रस्तुत गरेको थियो। उसका लागि नानी वासुपल्लीले अविजित ५४ रन बनाए पनि जितका लागि पर्याप्त भएन। यस्तै, राज विरले ३२ रन बनाए भने दुई खेलाडी शुन्य रनमा पेभेलियन फर्किंदा चार खेलाडीले दोहोरो अंकमा रन बटुल्न सकेनन्। बलिङमा साइक्यू क्रिकेट एकेडेमीका मोहम्मद रफी र सहदाज रहमानले २-२ तथा रकिब अहमदले १ विकेट हात पार्न सफल भए। खेलमा साइक्युका मुनिम सानरिअर म्यान अफ द म्याच भई ५ हजार रूपैयाँ प्राप्त गरे।

दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको पाकिस्तानको जावेद गोहार १८ ओभर १ बलमा सबै विकेट गुमाउँदै ८० रनमै समेटियो। उसलाई सस्तैमा रोक्न बलिङमा नेक्सस रूपन्देहीका शाहब आलमले ३ ओभर १ बलमा १० रन खर्चेर ४ विकेट लिए। यस्तै, वसिर अहम्मदले ३, दिपेश कँडेलले २ तथा कृष्ण कार्कीले १ विकेट हात पारे। जावेद गोहारका सामोनले सर्वाधिक १६ रन बनाउँदा इमरान नाजिरले १२ र अली हुसेनले १० रन जोडे। अन्य ब्याटरले भने दोहोरो अंकमा रन जोड्न सकेनन्।

८१ रनको झिनो लक्ष्य पछ्याएको नेक्सस रूपन्देहीले ११ ओभरमा ३ विकेटको क्षतिमा लक्ष्य पूरा गर्दै जित निकाल्यो। उसका लागि सुमित महर्जनले अविजित २८ र मिर्नाल गुरुङले नटआउट २० रन बनाए। नेक्ससले २१ रन त अतिरिक्त नै पायो। बलिङमा जावेद गोहारका जेम खानले ३ विकेट लिए। खेलमा नेक्सस रूपन्देहीका शाहब आलम म्यान अफ द म्याच भई ५ हजार रूपैयाँ प्राप्त गरे।

नेक्सस क्रिकेट एकेडेमीको आयोजना र रूपन्देही क्रिकेट संघको प्राविधिक सहयोगमा जारी प्रतियोगिता कार्तिक १० गतेसम्म संचालन हुनेछ। प्रतियोगितामा विजेता टीमलाई ५ लाख र उपविजेतालाई ३ लाख रूपैयाँ पुरस्कार प्रदान गरिने छ। त्यस्तै म्यान अफ द सिरिजलाई ३५ हजार, बेस्ट बलरलाई २० हजार, बेस्ट ब्याट्सम्यानलाई २० हजार र प्रत्येक खेलको म्यान अफ द म्याचलाई ५ हजार प्रदान गरिने आयोजक संस्थाका अध्यक्ष अध्यक्ष भरतबहादुर शाहीले जनाए। प्रतियोगितामा दक्षिण एसियाली चारवटा टेष्ट राष्ट्र भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश र नेपाल गरी पाँच देशका प्रथम श्रेणीका खेलाडीहरूको सहभागी छन्।

# पुसमा बुटवलमा औद्योगिक व्यापार मेला

बुटवल (बुटवल टुडे), ५ असोज- बुटवल उद्योग वाणिज्य संघको आयोजनामा यहि पुस ३ देखि १८ गतेसम्म बुटवल मण्डपमा हुने औद्योगिक व्यापार मेला-२०८१ को लागि सोमबार संघमा बसेको कार्यसमिति बैठकले कार्यसम्पादन समिति गठन गर्नुको साथै जिम्मेवारी बाँडफाँड गरिएको संघका महासचिव मुक्तिप्रसाद अधिकारीले जानकारी गराए। औद्योगिक व्यापार मेला-२०८१ को मुल कार्यसम्पादन समितिको संयोजकमा संघका अध्यक्ष हरिप्रसाद अर्याल रहेका छन्। मुल कार्यसम्पादन समितिमा संघका पदाधिकारी तथा कार्यसमिति सदस्यहरू रहनेछन्। त्यस्तैगरी संघका निवर्तमान अध्यक्ष उज्ज्वलप्रसाद कसजूलाई मूल्यांकन तथा अनुगमन समितिको जिम्मेवारी प्रदान गरिएको छ।



संघका अध्यक्ष हरिप्रसाद अर्यालको अध्यक्षतामा बसेको बैठकले वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरेलाई मेला मुल सम्पादन समितिको सहसंयोजक सहित सरकारी निकाय समन्वय, विषयगत उपसमिति समन्वय, सांकृति कार्यक्रम, साउण्ड सिष्टम तथा स्टेज सञ्चालन, स्वागत तथा प्राथमिक उपचार र विद्युत व्यवस्थापनको जिम्मेवारी प्रदान गरिएको छ।

संघका उद्योग उपाध्यक्ष सुरज भट्टराई र वाणिज्य उपाध्यक्ष विमलराज भट्टराईलाई मेला मुल कार्यसम्पादन समितिको उपसंयोजकको जिम्मेवारी प्रदान गरिएको छ। उद्योग उपाध्यक्ष सुरज भट्टराईलाई मेला मुल कार्यसम्पादन समितिको उपसंयोजकको साथै व्यवसायिक संघसंस्था समन्वय, पूर्वाधार तथा उद्योग क्षेत्र समन्वय, गोष्ठी समिनार, स्टल दर्ता तथा वितरण, घरेलु हस्तकला तथा पर्यटन प्रवर्द्धन र कृषि प्रविधि तथा बजारीकरणको जिम्मेवारी प्रदान गरिएको छ।

त्यसैगरी वाणिज्य उपाध्यक्ष विमलराज भट्टराईलाई मेला मुल कार्यसम्पादन समितिको उपसंयोजकको साथै राजनीतिक दल समन्वय, परिचय पत्र स्टल निर्माण र खानेपानी तथा सरसफाईको जिम्मेवारी प्रदान गरिएको छ। संघका महासचिव मुक्तिप्रसाद अधिकारीलाई कार्यसम्पादन समितिको सदस्य सचिव तथा प्रवक्ताको साथै सचिवालय, सुरक्षा र पार्किङ व्यवस्थापनको जिम्मेवारी प्रदान गरिएको छ।

कोषाध्यक्ष बसन्तप्रसाद ढकाललाई कार्यसम्पादन समितिमा आर्थिक समितिको संयोजक सहित सौजन्य, खाना तथा खाजा र टिकट व्यवस्थापनको जिम्मेवारी प्रदान गरिएको छ। संघका सचिव प्रतिक पोखरेललाई कार्यसम्पादन समितिमा सहसचिवको जिम्मेवारी प्रदान गरिएको छ। उनलाई प्रचारप्रसार, मञ्च, स्वागतद्वार तथा सजावट र श्रव्यदृश्य तथा समारोह व्यवस्थापनको जिम्मेवारी प्रदान गरिएको छ। सहकोषाध्यक्ष धनकुमारी खनाललाई आर्थिक समितिको सहसंयोजक सहित उपहार तथा प्रमाणपत्र, आन्तरिक सञ्चार र महिला उद्यमी प्रवर्द्धनको जिम्मेवारी प्रदान गरिएको छ।

त्यसैगरी कार्यसमिति सदस्यहरूलाई मुल कार्यसम्पादन समिति अन्तरगतका उपसमितिको संयोजकको जिम्मेवारी प्रदान गरिएको छ। जस अन्तरगत कार्यसमिति सदस्यहरू निर्मित कसजूलाई सांस्कृतिक कार्यक्रम, स्टेज सञ्चालन एवं साउण्ड सिष्टम उपसमितिको जिम्मेवारी प्रदान गरिएको छ। दीपक चापागाईलाई प्रचारप्रसार उपसमितिको जिम्मेवारी प्रदान गरिएको छ।

त्यसैगरी कार्यसमिति सदस्यहरू टिकाराम वञ्जाडेलाई स्टल दर्ता तथा वितरण उपसमिति, जमुना पौडेललाई श्रव्यदृश्य उपसमिति, सुनिता शर्मा बञ्जाडेलाई महिला उद्यमी प्रवर्द्धन उपसमिति, कृष्णप्रसाद पाण्डेलाई गेट तथा स्टेज निर्माण तथा व्यवस्थापन उपसमितिको जिम्मेवारी प्रदान गरिएको छ। कार्यसमिति सदस्य गणेशप्रसाद भट्टराईलाई खाना तथा खाजा व्यवस्थापन, रामबहादुर भण्डारीलाई पूर्वाधार (स्टल) निर्माण उपसमिति, उमेश अमात्यलाई उरिचयपत्र व्यवस्थापन उपसमिति र दीप आचार्यलाई सौजन्य व्यवस्थापन उपसमितिको जिम्मेवारी प्रदान गरिएको छ।

त्यसैगरी कार्यसमिति सदस्यहरू लक्ष्मण ज्ञवालीलाई सचिवालय व्यवस्थापन, जगन्नाथ न्यौपानेलाई प्रवेश टिकट व्यवस्थापन, दीपक घिमिरेलाई पानी तथा सरसफाई व्यवस्थापन, विष्णु घिमिरे पन्तलाई स्वास्थ्य तथा प्राथमिक उपचार व्यवस्थापन उपसमितिको जिम्मेवारी प्रदान गरिएको छ। कार्यसमिति सदस्यहरू विष्णु पौडेललाई विद्युत व्यवस्थापन, रेनु श्रेष्ठलाई प्रमाणपत्र, उपहार तथा समारोह व्यवस्थापन र वालकृष्ण पौडेललाई उद्योग, पर्यटन प्रवर्द्धन, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम व्यवस्थापन उपसमितिको जिम्मेवारी प्रदान गरिएको छ।

त्यस्तैगरी कार्यसमिति सदस्य महेशप्रसाद श्रेष्ठलाई घरेलु तथा हस्तकला प्रवर्द्धन उपसमिति, नरिश्वर शर्मा पौडेललाई वाल उद्यान व्यवस्थापन उपसमिति, मोहम्मद याकुवलाई कृषि प्रवर्द्धन तथा बजारीकरण उपसमिति र काशीराम शर्मालाई सुरक्षा तथा पार्किङ व्यवस्थापन उपसमिति संयोजकको जिम्मेवारी प्रदान गरिएको संघले जनाएको छ।

# महोत्सवका लागि विभिन्न समिति गठन

बुटवल (बुटवल टुडे), ५ कार्तिक- तिलोत्तमा व्यापार संघले आगामी मंसिरमा हुने तिलोत्तमा महोत्सव-२०८१ को लागि कार्यविभाजन गरेको छ।

संघको कार्यसमितिको बैठकले अध्यक्ष नेत्रप्रसाद न्यौपाने संयोजक रहेको मूल आयोजक समिति निर्माण गरेको छ। मूल आयोजक समितिका सदस्यहरूमा विष्णुबहादुर बराल क्षेत्री, मानबहादुर बर्मा, ताराप्रसाद नेपाल, चेतनारायण विश्वकर्मा (विष्णु), बाबुराम कंडेल, कृष्णप्रसाद भट्टराई र दिलमाया पुन रहेका छन्।

त्यस्तै बैठकले विभिन्न समिति एवं उपसमितिहरू पनि गठन गरेको छ। जसअनुसार विष्णुबहादुर बराल क्षेत्रीको संयोजकत्वमा मूल उदघाटन तथा समापन समिति, मानबहादुर बर्माको संयोजकत्वमा मूल स्टल दर्ता समिति, ताराप्रसाद नेपालको संयोजकत्वमा मूल निर्माण उपसमिति, चेतनारायण विश्वकर्माको संयोजकत्वमा मूल सचिवालय उपसमिति, बाबुराम कंडेलको संयोजकत्वमा मूल आर्थिक उपसमिति, कृष्णप्रसाद भट्टराईको संयोजकत्वमा मूल प्रचारप्रसाद उपसमिति, दिलमाया पुनको संयोजकत्वमा मूल साजसज्जा उपसमिति बनाइएको छ।

त्यस्तै नुमेन्द्र पौडेलको संयोजकत्वमा प्रायोजन व्यवस्थापन समिति, रामु भण्डारीको संयोजकत्वमा वित्तीय संघ संस्था समन्वय समिति, कमलप्रसाद कंडेलको संयोजकत्वमा पर्यटन प्रवर्द्धन समिति, पेउनारायण भुसालको संयोजकत्वमा परिचयपत्र व्यवस्थापन समिति, शितल ज्ञवालीको संयोजकत्वमा पार्किङ, स्वयंसेवक, सुरक्षा, बालउद्यान समिति, सुना श्रीस थापाको संयोजकत्वमा महिला उद्यमी उत्प्रेरक समिति निर्माण गरिएको छ।

त्यसैगरी बबिकुमारी भट्टराईको स्वागत सत्कार समिति, ढालानन्द चालिसेको संयोजकत्वमा श्रव्य दृश्य व्यवस्थापन समिति, तेजप्रसाद पाण्डेको संयोजकत्वमा सांस्कृतिक समिति, चन्द्रकान्त भण्डारीको संयोजकत्वमा विद्युत खानेपानी समिति, भगवतीकुमारी पाण्डेको संयोजकत्वमा उपहार व्यवस्थापन समिति, मिनराज भारद्वाजको संयोजकत्वमा तालिम, गोष्ठ, सूचना प्रविधि समिति, चुडामणि सुवेदीको संयोजकत्वमा जनचेतना र्‍याली समिति र चुडामणि भुसालको संयोजकत्वमा प्रकाशन/ब्यानर व्यवस्थापन समिति गठन गरिएको छ।

त्यस्तै भविश्वर पाण्डेको संयोजकत्वमा सरसफाई व्यवस्थापन समिति, पार्वती गिरीको संयोजकत्वमा कृषि व्यवस्थापन समिति, भगवती घर्तीको संयोजकत्वमा प्राथमिक उपचार समिति, तारा सुनारको संयोजकत्वमा संघसंस्था एवं सरकारी निकाय समन्वय समिति, कृष्ण सुवेदीको संयोजकत्वमा गेट टिकट समिति, झकल तिवारीको संयोजकत्वमा होटल व्यवस्थापन समिति र हुमनाथ भट्टराईको संयोजकत्वमा खाद्य व्यवस्थापन समिति गठन गरिएको छ।






# मेची-महाकाली राष्ट्रिय उद्वार यात्रा बुटवलमा ८ गते

बुटवल (बुटवल टुडे), ५ कार्तिक- "यसपटकको चाडपर्वमा, कसैले बस्न नपरोस् सडकपेटीमा" भन्ने भुल भावका साथ मानवसेवा आश्रमको अभियान बुटवलमा पनि आउने भएको छ। यहि कार्तिक ८ गते बुटवलमा आउने कार्यक्रम रहेको मानवसेवा आश्रम मानवता प्रवर्द्धन महाअभियानका लुम्बिनी प्रदेश संयोजक सरु अधिकारीले जानकारी दिईन।



अभियानमा आनी छोइङ डोल्मा फाउन्डेसनले साथ दिएको छ। संयुक्त प्रयासमा मेची-महाकाली राष्ट्रिय उद्वार यात्रामा मेचीमहाकाली उद्वार यात्रामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा ख्याति प्राप्त गायिका आनी छोइङ् डोल्मा समेत यात्रीको रूपमा सहभागी छन्।

गत असोज २६ गते विजयादशमीका दिन प्रधानमन्त्री निवास बालुवाटार काठमाडौंबाट सम्मानानिय केपी शर्मा ओली र प्रथम महिला राधिका शाक्य शुभ-भावना तथा दशैंको टिका लगाई ४७ जना यात्रुहरू झापाको काँकडभिट्टा तर्फ प्रस्थान गरेका थिए।

असोज २७ गतेका दिन मेची पुलमा दिप प्रज्वलन गरि यात्राको समुद्धाटन गरिएको थियो। यात्रीहरू करिब ५ दिन कोशी प्रदेश केन्द्रित रहेर सहयोगापेक्षी सडकआश्रित मानवहरूको उद्वार कार्यमा जुटेर त्यस क्षेत्रबाट ४३ जना सहयोगापेक्षी सडक आश्रित मानवहरूको उद्वार गरिएको थियो।

यात्राकै क्रममा यात्रीहरू मधेश प्रदेशका जिल्लाहरू, बाग्मती र गण्डकी प्रदेशका केही जिल्लाको सेवा पश्चात कार्तिक ७ गते रूपन्देही स्थित मानवसेवा आश्रमको तिलोत्तमा सेवा केन्द्रमा आउने छन्। कार्तिक ८ गते रूपन्देहीको तिलोत्तमा, सिद्धार्थनगर, लुम्बिनी र सैनामैना क्षेत्रको सडक अवस्था अवलोकन तथा सहयोगापेक्षीहरूको उद्धार गरि उनीसँगैसँगै सहभोज कार्यक्रम गरिने भएकोछ।

त्यस्तै कार्तिक ९ गते बुटवल, देवदह साथै नवलपरासीका विभिन्न क्षेत्रहरूमा सडकसेवा सम्पन गरि कार्तिक १० गते यात्रीहरूलाई रूपन्देहीबाट कपिलवस्तु जिल्लाको सेवाको लागी बिदाई गरिने कार्यक्रम रहेकोछ। रूपन्देही, नवलपरासी र कपिलवस्तु क्षेत्रबाट उद्धार भएका सहयोगापेक्षित व्यक्तिहरूलाई मानवसेवा आश्रम रूपन्देही शाखामा राखिनेछ।

३२ दिन सम्म हुने उद्वार यात्राको समापन आगामी कार्तिक २८ गते काठमाडौं प्रज्ञा प्रतिष्ठानमा हुनेछ।

# गुल्मीमा अबैध घरेलु मदिरा नष्ट



गुल्मी (बुटवल टुडे), ५ कार्तिक- जिल्ला प्रहरी कार्यालय गुल्मीले जिल्लामा ठूलो परिमाणमा अबैध घरेलु मदिरा तथा कच्चा पदार्थ बरामद गरि नष्ट गरेको छ। प्रहरीले टोलीले रेसुङ्गा नगरपालिका अर्न्तगत विभिन्न स्थानबाट घरेलु मदिरा बनाउन तयार गरिएको कच्चा पदार्थ सहित तयार बिक्रिका लागि तयार गरिएको घरेलु मदिरा बरामद गरेको हो।

प्रहरीले छ सय ५५ किलो कच्चा पदार्थ, एक सय ६२ लिटर तयारी मदिरा र केही मदिरा बनाउनका लागि प्रयोग गरिने मर्चा समेत बरामद गरेको थियो।


## जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो

जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता २०७४ को दफा १२५ मा-

- पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजार सम्म जरिबाना,
- दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रूपैंया सम्म जरिबाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रूपैंयासम्म जरिबाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुने लगायतका कानूनी व्यवस्था छ।

त्यसैले जुवातास नखेलौं, नखेलाऔं, कानूनी कार्वाहीबाट बचौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

## ट्वाईलेट सफा गराउनुहोस्

सबैभन्दा बढी क्षमता भएको

- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा ५ मिनटमै सेफ्टी टंकी, रिङ्ग खाली गरिनेछ।
- ट्वाईलेट सिट, नाली जाम भएमा तुरुन्त खोलिने छ।
- यो सुविधा बुटवल, भैरहवा साथै लुम्बिनी अञ्चल भरी दिइनेछ।

क्षेत्र : लुम्बिनी, भैरहवा, परासी, बुटवल, मर्चवार

प्रो. त्रिलोकी केवट

लुम्बिनी सफा सेनेटरी, अमवा ठुटी पिपल

मो. ९८१५४३४५५४, ९८६००८६७११

## ट्वाइलेट सफा गराउनुहोस्

सुपथ मूल्यमा नगरपालिकाभित्र वा बाहिर काम गर्न र गराउन हामीलाई एक पटक सेवा गर्ने मौका दिनुहोस्।

पाल्पाली मगर सम सेनेटरी

बुटवल-१७, मोतीपुर, रुपन्देही

फोन: ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०

## ट्वाइलेट सफा गराउनु परेमा

बुटवल सेनेटरी प्रा. लि.

स्याप्टी टंकी रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।

९७४५४०५९७३, ९८०७४०९८५२

मनिषा सेनेटरी: ९८५११९७९६६, ९८४७१२४१८५

शर्वेस सेनेटरी: ९८४७०३९१४३, ९८५७०३४३८३

रियुस सेनेटरी: ९८११४२८७३०

रेसुङ्गा सेनेटरी: ९८५७०५७०७०

रेसुङ्गा वाटर सप्लायर्स: ९८५७०५७०७०


बुटवल पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित प्रधान कार्यालय: बुटवल-६, तिलोत्तमा पथ, रूपन्देही, फोन: ०७१-५५४६४०, ५५४६४२, इमेल: newsbutwaltoday@gmail.com (Paper News), addbutwaltoday@gmail.com (Advt.), ebutwaltoday@gmail.com(online news)
अध्यक्ष: हरि प्रसाद पौडेल, प्रबन्ध संचालक/प्रबन्ध सम्पादक : नवराज कुँवर, सम्पादक: कृष्ण मल्ल, मुद्रण: पश्चिमाञ्चल सञ्चार गृह (प्रा.) लि.